annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २८२ पृष्ठ ८ | काठमाडौं, शनिबार ३ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष तृतीया, नेपाल संवत् ११४५ | SATURDAY, FEBRUARY 15, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# सामुदायिकका सान

## जहाँ प्रार्थना सभा नै यति विशाल



कालिका मानवज्ञान मावि बुटवलको प्राङ्गणमा बिहानको प्रार्थनासभामा विद्यार्थी । ● केशरराज क्षेत्री

देशका कतिपय सामुदायिक विद्यालयहरूमा विद्यार्थी नभएर विद्यालय मर्ज गर्नुपर्ने बाध्यता छ। यस्तो बेलामा बुटवलमा केही यस्ता विद्यालय छन्, जहाँ थेगी नसक्नु विद्यार्थीको भिड छ। बिहानको प्रार्थना गर्ने बेला विद्यार्थीको पंक्ति विशाल देखिन्छ। यस्ता विद्यालयले विद्यार्थी संख्याको भार थेग्न नसकेर बर्सेनि धेरै विद्यार्थी भर्ना हुन नपाएरै फर्किन्छन्। कालिका मानवज्ञान, शान्ति नमुना र कान्ति माध्यमिक विद्यालय यस क्षेत्रका कहलिएका सामुदायिक विद्यालय हुन्।

केशरराज क्षेत्री | *बुटवल*

- को रिपोर्ट

समाचार पृष्ठ २




शनिबारको अनुमानित अधिकतम र न्यूनतम तापक्रम (सेल्सियसमा)

| | | |
|---|---|---|
| धनगढी | २६° | ७° |
| जुम्ला | १९° | -४° |
| पोखरा | २२° | १०° |
| भैरहवा | २४° | ८° |
| काठमाडौं | २२° | ५° |
| जनकपुर | २७° | ९° |
| विराटनगर | २७° | १०° |

*स्रोतः जल तथा मौसम विज्ञान विभाग*

ट्रम्प-मोदी भेट वार्ता

# द्विपक्षीय व्यापार र सम्बन्ध सुदृढ पार्ने विषयमा छलफल

**एजेन्सी** | *वासिङ्टन*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेट वार्तापछि भारतले व्यापार घाटा कम गर्न अमेरिकाबाट एफ-३५ लडाकु विमानहरूसहित थप तेल, ग्यास र सैन्य हार्डवेयर किन्ने घोषणा गरेका छन्। तर दुवै देशले जारी गरेको संयुक्त वक्तव्यमा भने एफ-३५ विमान खरिद गर्ने विषयमा कुनै उल्लेख छैन। मोदी र ट्रम्पको पत्रकार सम्मेलनपछि भारतीय विदेश सचिव विक्रम मिश्रीले पनि अहिलेको अवस्थामा एफ-३५ खरिद गर्ने एक प्रस्तावमात्र रहेको बताएका छन्। यो खरिदको लागि कुनै औपचारिक प्रक्रिया सुरु नगरिएको उनले जनाए।

अमेरिकाले भारतलाई पारस्परिक महसुल (रेसिप्रोकल टेरिफ) बाट भने छुट नदिइने ट्रम्पले स्पष्ट पारे। हालै, ट्रम्प आफैंले रेसिप्रोकल टेरिफलाई अर्थ्याएका छन्। 'अन्य देशहरूले अमेरिकामाथि जति कर लगाए पनि, अब अमेरिकाले पनि उनीहरूमाथि त्यति नै कर लगाउनेछ। न बढी, न कम', उनले भनेका थिए।

ट्रम्पसँगको बहुप्रतीक्षित भेटमा भारतीय प्रधानमन्त्री मोदीले दुई देशबीचको व्यापारका विषयमा खुला छलफलको प्रस्ताव राखेका छन्। उनले अवैध रूपमा अमेरिका प्रवेश गरेका भारतीयहरूलाई फिर्ता लैजाने विषयमा पनि कुरा राखेका छन्।



यसबाहेक, एउटा महत्त्वपूर्ण घोषणा गर्दै ट्रम्पले मुम्बई आक्रमणको मुद्दामा भारतमा खोजी भइरहेको तहव्बुर रानालाई सुपुर्दगी गर्ने बताए। अमेरिकी जेलमा रहेका रानालाई भारत ल्याउने प्रयास लामो समयदेखि भइरहेको थियो। भारतीय प्रधानमन्त्री मोदी बिहीबार फ्रान्सबाट अमेरिका आइपुगेका हुन्। उनले भारतीय समयअनुसार शुक्रबार बिहान ह्वाइट हाउसमा ट्रम्पलाई भेटेका हुन्। पत्रकारहरूलाई सम्बोधन गर्दै दुवै नेताले तेल-ग्यास, रक्षा, भन्सार, प्रविधिलगायतको द्विपक्षीय व्यापार र सम्बन्धलाई सुदृढ पार्ने विषयमा आफूहरूबीच छलफल भएको जनाए। सम्मेलनको क्रममा नेताहरूले एकअर्काको खुलेर प्रशंसा गरे।

भारतले अमेरिकी सामानहरूमाथि तर्कसंगत कर लगाउनेछ भन्नेमा आफू आशावादी रहेको ट्रम्पले बताए। उनले भारतलाई जेट एफ -३५ स्टिल्थ लडाकु विमान बेच्ने इच्छा पनि व्यक्त गरे।

» बाँकी पृष्ठ ६


# विश्वमै पत्रकार उच्च जोखिममा

## सन् २०२४ मा १२४ पत्रकार मारिए, एक तिहाइ गाजामा मात्रै

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सन् २०२४ मा १ सय २४ जना पत्रकार पारिएका छन्। कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्स (सीपीजे)को प्रतिवेदनअनुसार यो वर्ष १८ देशमा पत्रकार मारिएका छन्। जसमध्ये सबैभन्दा धेरै पत्रकार इजरायलले मारेको छ। ती सबै प्यालेस्टाइनी पत्रकार हुन्। इजरायल गाजा युद्धमा ८५ जना पत्रकार मारिएका छन्।

सन् २०२३ मा ७८ जना पत्रकार इजरायल गाजा युद्धमा मारिएका थिए। इजरायल-हमास द्वन्द्वका कारण विशेष गरेर गाजालाई कार्य क्षेत्र बनाएका पत्रकार उच्च जोखिममा रहे। यो तथ्यांकले विश्वमा नै सञ्चार क्षेत्र र पत्रकारले बढ्दो खतराको सामना गरिरहनु परेको देखाएको छ। सन् २०२४ मा गाजामा मात्रै ८२ जना पत्रकार मारिएका छन् भने लेबनानमा तीन जना पत्रकार मारिएको सीपीजेको




प्रतिवेदनमा उल्लेख छ । दक्षिणी गाजामा इजरायली बम विस्फोटबाट विस्थापित शरणार्थीहरूको बारेमा रिपोर्टिङ गरेर फर्किरहेका बेला स्वतन्त्र भिडियो पत्रकार मुस्तफा थुरायासँगै जनवरी ७ मा अल जजिरा टेलिभिजनका क्यामेरा अपरेटर २७ वर्षीय हम्जा अल दहदौहलाई इजरायली ड्रोन हमलामा निसाना बनाइएको थियो।

हम्जा, अल जजिराका गाजास्थित ब्युरो प्रमुख वेल अल दहदौहका छोरा हुन्। आफ्नो छोरा मारिनुअघि इजरायली आक्रमणबाट वेल अलले परिवारका अन्य चार सदस्यहरू गुमाएका थिए। इजरायलले हम्जा अल दहदौहलाई हमासको सैन्य सहयोगी रहेको दाबी गरेको छ भने परिवारका सदस्यले यसको इन्कार गरेका छन्। अल जजिराले आफ्नो सदस्यविरुद्ध इजरायली सेनाले लगाएको आरोपलाई 'निराधार' भएको बताएको छ।

» बाँकी पृष्ठ ६

